283

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश
### मु.नं. ७१/१०

राउत कन्सट्रक्सन जनकपुर - १३ धनुषाको प्रोपाईटर ज्ञानेन्द्र राउत ............................१ पुनरावेदक

**विरूद्ध**

जलेश्वर नगरपालिकाका कार्यालय ..............................................................................१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराई पाउँ ।**

राउत कन्सट्रक्सन जनकपुर - १३ धनुषाको प्रोपाईटर ज्ञानेन्द्र राउतले जलेश्वर नगरपालिकाका कार्यालयले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०६९।०५।१४ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न भनी जलेश्वर नगरपालिकाका कार्यालयलाई यस आयोगको मिति २०६९।१०।१० च.नं. १०३९ को पत्रबाट पठाइएको र पुनः मिति २०७०।०२।०१ मा भएको आदेश कार्यान्वयनको लागि च.नं. १५४० मिति २०७०।०१।०२ को पत्रबाट पत्राचार गरिएको देखिन्छ । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत कट्टा गरी पुनरावेदकलाई जानकारी दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।